**२. सिविस हेल्पलाइन (CWISH HelpLine)**

सिविस हेल्पलाइनले बालश्रम, बाल हिंसा र दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण तथा पुनर्स्थापनाका लागि आवश्यक सहकार्य र सहयोग गर्ने कार्य गरिरहेको छ । यौन दुर्व्यवहारमा परेका बालबालिकाहरुका लागि अन्य संघसंस्था तथा सरकारी निकायसँग समन्वय र सहकार्यमा आवश्यक सहयोग गर्ने गर्दछ साथै स्थानीय तहको समन्वय र सहकार्यमा सचेतना अभिमुखीकरणका कार्यक्रम संचालन गर्न आवश्यक सहयोग गरिरहेको छ ।

**३. क्लारिसा (CLARISSA)**

चाइल्ड लेबर : एक्सन-रिसर्च-इनोभेसन इन साउथ एण्ड साउथ-इस्टर्न एशिया (क्लारिसा) एउटा कन्सोर्टियम कार्यक्रम हो जसले सहभागीतामूलक अनुसन्धान कार्यबाट नेपाल र बंगलादेशका बालबालिकाहरुलाई जोखिमपूर्ण र शोषणकारी श्रममा लाग्न नदिन रचनात्मक समाधानको खोजी गर्दछ र निकृष्ट किसिमका बालश्रम उन्मूलन गर्न महत्वपूर्ण भूमिका खेलेको छ । नेपालमा यो कार्यक्रम वयस्क मनोरञ्जन क्षेत्रमा हुने निकृष्ट किसिमको बालश्रममा केन्द्रित रहेर काम गरिरहेको छ । क्लारिसा परियोजना अन्तर्गत हाल बालबालिकाको जीवन कथाहरुको विश्लेषण, आपूर्ति श्रृंखला र मानव श्रृंखला, छिमेकी गतिशीलता, पैरवी तथा सञ्चारका क्रियाकलापहरु संचालन भईरहेको छ ।

**४. सम्वाद कार्य (Dialogue Work)**

यस परियोजनाले श्रममा रहेका बालबालिकाहरुले उनीहरु आफु संल्गन रहेको श्रमका चुनौतीहरु, राम्रा पक्षहरु र स्थानीय तहहरुबाट एवं विभिन्न सरोकारवालाहरुबाट श्रममा रहेको बालबालिकाको हितको लागि के कस्ता राम्रा कार्यहरु गर्न सकिन्छ भन्ने विषयमा आधारित भएर बालबालिका सल्लाहकार समिति गठन, पैरवी कार्यक्रम, अतिरिक्त क्रियाकलाप सम्बन्धि कार्यक्रम र अनुसन्धनात्मक कार्यक्रमहरु संचालन गरिरहेको छ ।

**५. कार्यक्रमहरुलाई सुरक्षा कार्यक्रमहरुलाई आधारभूत तहमा प्रवर्द्धन गर्दै नागरीकका लागि सहज पहुँच (PROSOP)**

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिकाद्वारा संचालित प्रमोटिङ्ग सोशल प्रोटेक्शन फ्लोर्स: कभरेज फर मोर पिपुल (PROSOP) परियोजना EU/INTPA पब्लिक फाइनान्स म्यानेजमेन्ट र सोशल प्रोटेक्शन फ्लोर्स परियोजनाको एक अंश हो ।

नेपालमा नागरिक समाज र ट्रेड युनियनहरुको संलग्नतालाई सहजीकरण गर्न ग्लोबल कोलिसन फर सोशल प्रोटेक्शन फ्लोर्स (GCSPF) को तर्फबाट WSM को सहयोगमा सञ्चालित कार्यक्रम हो । यस परियोजनाले सामाजिक सुरक्षा प्रणालीलाई बढावा दिई नतिजाका लागि लगानी तर्फ नेपाल आईएलओ र युनिसेफ नेपालद्वारा कार्यान्वयन गरिरहेको छ । नेपालमा नागरिक समाज र ट्रेड युनियनहरुको संलग्नतालाई सहजीकरण गर्न ग्लोबल कोलिसन फर सोशल प्रोटेक्शन फ्लोर्स (GCSPF) को तर्फबाट WSM को सहयोगमा SPCSN/CWISH र ITUC-NAC ले संयुक्त रुपमा सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका र बाराको कलैया उप-महानगरपालिकामा परीक्षण परियोजनाको रुपमा मे, २०२० देखि मे २०२३ सम्म सञ्चालन हुने गरि सामाजिक सुरक्षा प्रबर्द्धनका लागि कार्यक्रमहरु सञ्चालन भईरहेको छ ।

सामाजिक सुरक्षा सवालहरुको बारेमा सहज रुपमा बुझ्न र सामाजिक सुरक्षा नीति तथा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा साझा सहमतीमा पुग्न, सामाजिक सुरक्षाको क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको साझा सहभागीता गराउन, आपूर्ति पक्षलाई उत्तरदायी बनाउँदै दायरा सुनिश्चित गर्न, अनियमितता हटाई सामाजिक सुरक्षा लाभग्राहीहरुले समयमै नगद रकम प्राप्तिको सुनिश्चितता गर्न, समावेशी नीतिहरुका लागि वकालत गर्न, नागरिक समाज, संघ-संस्थाहरुको साझा स्थितिपत्र तयार गरि सञ्जालका सदस्यहरुको क्षमता सुदृढीकरण गर्ने उद्देश्यका साथ परियोजनाका गतिविधिहरु केन्द्रीत रहेको छ ।



## थप जानकारीका लागि:


सामाज सेवा तथा मानव अधिकारमा
महिला र बालबालिका (सिविस)
पोष्ट बक्स नं. २१४३३, हेल्पलाइन: १६६०-०१-१००००

श्रममार्ग, कामनपा-१०,
बुद्धनगर, काठमाण्डौ नेपाल

९७७-०१-४७९२२१४
९७७-०१-४७९३८४६

info@cwish.org.np
www.cwish.org.np


# समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)

## परिचय

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) बालबालिका, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरण तथा मानव अधिकारको संरक्षण र प्रबर्द्धनका लागि पैरवी गर्ने उद्देश्यले सन् १९९३ मा स्थापना भएको एक राष्ट्रिय स्तरको गैरसरकारी संस्था हो ।

## दूरदृष्टि

सामाजिक न्याय, उत्पादनशील तथा दीगो आर्थिक विकासका अवसर र उपलब्धिहरूमा समान पहुँच तथा जीविकाको सुनिश्चितता सहितको महिला र बालमैत्री समाजको स्थापना ।

## ध्येय

नागरिक समाजको सुदृढीकरण, बालबालिका र महिला अधिकार सुनिश्चित गर्न सरकारी प्रणालीलाई जवाफदेही र उत्तरदायी बनाउने, महिला तथा बालबालिकालाई सशक्त बनाउने र उनीहरु माथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सामाजिक परिचालन र बालबालिकालाई राम्रो सिकाइ वातावरणको लागि सहजीकरण गर्ने ।

## लक्ष्य

सशक्त बालबालिका, महिला तथा परिवार, सुदृढ नागरिक समाज र सक्षम सरकारी संयन्त्रका साथै महिला तथा बालबालिकाको संरक्षण, शिक्षा र सहभागीताको अधिकारको सम्मान र प्रबर्द्धन गर्ने ।

## उद्देश्य

१. सचेतना र सुचनायुक्त अधिकारको दाबी तथा राज्यबाट प्राप्त हुने सेवामा पहुँचका लागि महिला, बालबालिका तथा सीमान्तकृत समुदायको सबलीकरण र सशक्तीकरण गर्न सहयोग गर्ने ।

२. बालबालिका तथा महिला अधिकारको सम्मान, संरक्षण तथा मानव अधिकार परिपूर्तिको सुनिश्चितताको सन्दर्भमा राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय तह र समुदायमा बालअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि विधमान राज्य संयन्त्रहरु मन्त्रालय, विभाग, प्रदेश, जिल्ला कार्यालय, नगरपालिका तथा गाउँपालिकाहरु बीचको साझेदारी तथा सञ्जाललाई सशक्त बनाउनुको साथै नागरिक समाजसँगको सहकार्य र परिचालन गर्ने ।

३. जोखिममा परेका बालबालिका, महिला तथा सीमान्तकृत समुदायको मानव अधिकार प्रत्याभूतिका लागि नभई नहुने अति आवश्यक सेवा तथा सुविधाहरुको सुनिश्चितता गर्न सम्बन्धित सरोकार पक्षसँग सहकार्य, जनवकालत तथा पहरेदारीको भूमिका निर्वाह गर्ने ।

## मूल्य मान्यताहरु

### क) सहभागीमूलक र लोकतान्त्रिक मान्यता

सिविसले बालबालिका, महिला सहित सरोकारवालाहरुको सहभागीतालाई महत्व दिन्छ र यस संस्थाले सञ्चालन गर्ने कार्यक्रमको अनुगमन र समीक्षा प्रक्रियामा लोकतान्त्रिक मापदण्डहरुलाई बढावा दिन्छ ।

### (ख) जवाफदेहीता र पारदर्शीता

- पारदर्शीता, समावेशीता, सुशासनका सिद्धान्तहरु र यसको संचालनमा जवाफदेहीतालाई सम्मान र मान्यता ।
- सुचनाको हकद्वारा निर्देशित कार्यक्रम विवरणहरु सरोकारवालाहरु र नागरिकहरुबीच पारदर्शी हुने र प्रभावकारी सामुदायिक प्रतिक्रियात्मक संयन्त्रहरुको विकास र अन्तर संस्था प्रतिक्रिया प्रणालीहरु स्थापना ।
- उत्तरदायीत्व संयन्त्रको प्रावधान, जहाँ सरोकारवाला र अधिकारकर्ताहरुले विचारहरु राख्न र कार्यक्रमको बारेमा गुनासो गर्न सक्नेछन् ।

### (ग) समानता र विविधताको सम्मान

- सिविसले सबै मानवजातिको समान महत्व हुन्छ र प्रत्येक व्यक्तिलाई सम्मान गर्ने कुरामा विश्वास गर्दछ ।
- हरेक व्यक्तिको फरक पहिचान र विचारलाई आत्मसात र सम्मान, योगदानको कदर/सम्मान, हरेक क्षेत्रमा सामाजिक न्याय र समानताको वातावरणमा प्रोत्साहन र प्रबर्द्धन गर्दछ ।

## विद्यमान परियोजनाहरु

**१. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन प्रणाली सबलीकरण (ASPRO)**

युनिसेफ/सेभ द चिल्ड्रेनको आर्थिक सहयोग तथा नेपाल सरकार, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको समन्वय एवं समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) ले संयुक्त रुपमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन प्रणाली सवलीकरण परियोजना संचालनमा ल्याएको छ । यस परियोजना २०२१ अप्रिलदेखि नेपालका १७ जिल्लाका २९ स्थानीय तहको १०४ वटा वडाहरुमा संचालन भइरहेको छ भने परियोजनाले सामाजिक सुरक्षा कार्यक्रम र मुख्य घटनादर्ता सम्बन्धी कार्यक्रमलाई ब्यवस्थित गर्ने मुख्य उद्देश्य लिएको छ । परियोजनाले सामाजिक सुरक्षा तथा मुख्य घटनादर्ता सम्बन्धी विधमान ऐन, कानुनको विषयमा अभिमुखीकरण, परियोजनाको कार्यक्षेत्र अन्तर्गतका वडा-वडामा अनलाइन प्रणालीलाई व्यवस्थित गर्न मुख्य घटनादर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली सम्बन्धी तालिम, कान्तिपुर टेलिभिजनबाट सामाजिक सुरक्षा बहस कार्यक्रम उत्पादन/प्रशारण, वडाहरुलाई अत्यावश्यक उपकरणहरु सहयोग, सामाजिक सुरक्षा छुटको नक्साङ्कन, जन्मदर्ता र अपाङ्गता पहिचान र परिचयपत्र वितरण शिविर, अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण सम्बन्धी एप्स निर्माण र स्थानीय अपाङ्गता समन्वय समितिलाई तालिम संचालन भइरहेका छन् ।

